# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८
## परशुराम नगरपालिका
## डडेलधुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)


प.सः २०७८।७९

च.नः ११२

मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
परशुराम नगरपालिका, डडेलधुरा

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

नारायण एम.सी.
( नायब महालेखापरीक्षक)

***बोधार्थः***

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं –** प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)

प.सं. २०७८।७९ मितिः २०७८।५।४

च.नं ११२

श्री नगर प्रमुखज्यू,
परशुराम नगरपालिका, डडेल्धुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले परशुराम नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. लेखापरीक्षणबाट रु १ करोड ७० लाख ३५ हजार बेरुजू देखिएको छ ।सोमध्ये असुलगर्नुपर्ने रु. ११ लाख ५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९६ लाख ८० हजार, नियमित गर्नुपर्ने रु. १८ लाख ६५ हजार र म्याद नाघेको पेश्की बाँकी रु ४३ लाख ८५ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २६ (छब्बिस) यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन ।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..............................

**( नारायण एम्.सी॰)**

नायब महालेखापरीक्षक

# परशुराम नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ ।यस नगरपालिका अन्तर्गत १२ वडा, ६३ सभा सदस्य, ४१४.७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४५००० जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि. नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | २६७१८५५४४।६२ | २६७१८५५४४।६२ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | २०१५६१५१३।६३ | २०१५६१५१३।६३ |
| | ख) बैंक | १८२७२८७५।८१ | १८२७२८७५।८१ | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १६१८४४५६।४८ | ९५५६२०५९।७८ | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७६९४५९२४।८९ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय प्रदेश रा बा | २४३१६७८।४१ | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ११९१००००० | ४५३६१२६१२ | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ३०४३०९८९७ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | १४५९७००० | | ५ | **धरौटी फिर्ता** | ४६१९४११।१० | ४६१९४११।१० |
| | घ) विशेष अनुदान | १५६०५७१७ | | ६ | **जनश्रमदान फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **कोष फिर्ता** | | |
| | क) वित्तिय समानीकरण अनुदान | ७२२१०००० | ४१४२१५७९ | ८ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | १४५८५००० | | | क) बैंक मौज्दात | ७६३४२१४६।३० | ७६३४२१४६।३० |
| | ग) समपुरक अनुदान | १४३३५५७९ | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | ५२८०००० | | ९ | **शसर्त अनुदान फिर्ता** | ६१२७४२५९।२० | ६१२७४२५९।२० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | १० | **गत बर्षको बढी अल्या** | | |
| ६ | **अन्य** | | | ११ | **जनश्रमदान मौज्दात** | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | **धरौट मौज्दात** | ७७०४०८७।७२ | ७७०४०८७।७२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सडक बोर्ड नेपाल | | २४२३१३३ | १३ | **कोष खाताको मौज्दात** | २८७८१५६।११ | २८७८१५६।११ |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १४ | **विभिन्न कोष तर्फको खर्च** | ४४९२३९० | ४४९२३९० |
| | घ) एन एन एस डब्लु ए | | | १५ | **अन्तरसरकारी खर्च** | ९३५७५१५७ | ९३५७५१५७ |
| ७ | **विभिन्न कोषतर्फको आय** | ३७६७३१७ | ३७६७३१७ | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त** | | | | | | |
| १० | **धरौटी आय** | १२३२३४९८।८२ | १२३२३४९८।८२ | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्तरसरकारी आय** | ९६९२६०६३ | ९६९२६०६३ | | | | |
| | **जम्मा** | | ७२४३०९१३८।८१ | | **जम्मा** | | ७२४३०९१३८।८१ |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाताबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा रु ११९०५८६३०.१४ फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी एकिन गर्नुपर्दछ ।तर नगरपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.४००८३३१९.४७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १८२७२८७५.८१ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १६०२६४०३.१२ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ। | |
| ३. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ४. | **बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी पेश गरेको छ। | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि.नं | खाताको नाम | श्रेस्ता अनुसार २०७७।३।३२ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७७।३।३२ को बाँकी | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता विजोर वर्ष | ० | ४२६६३०३४.५६ | ४२६६३०३४.५६ |
| २ | पूँजिगत खर्च खाता विजोर वर्ष | ० | ७७४९१२४७.३७ | ७७४९१२४७.३७ |
| ३ | सञ्चित कोष खाता | १२३८१९८७.३७ | १२३८१९८७.३७ | ० |
| ४ | धरौटी खाता | ७७०४०८७.७२ | ५४२३३४९.५५ | २२८०७३८.१७ |
| ५ | राजश्व खाता | ० | ० | |
| ६ | आन्तरीक अनुदान खाता | ० | ० | |
| ७ | विभाज्य कोष खाता | ० | ० | |
| ८ | आन्तरीक राजश्व खाता | ० | ० | |
| ९ | कर्मचारी कल्याण कोष खाता | ९४७०५५।११ | ९४७०५५.११ | ० |
| १० | स्थानिय तह विपद व्यवस्थापन | १९३११०१ | ५३०७४९१.०० | (३३७६३९०) |
| | जम्मा | | | ११९०५८६३०.१ |

५. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आ आफ्नो कोषको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको छैन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु ४२६६३०३४.५६ , पुजीगत खर्च खातामा रु ७७४९१२४७.३७ र विभाज्यकोषमा रु.० समेत गरी रु १२०१५४२८१.९३ मौज्दात रहेको पाईयो ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता अद्यावधिक राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• भ्रमण अभिलेख खाता नरहेको तथा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **बजेट तथा कार्यक्रम** | |
| ७. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यनगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकमा मिति २०७६।३।१० गते रु ७७०४७२६१५.० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| ९. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| | चालु खर्चतर्फ | ३०१९१४ | ६३९५४ | ९०५२२ | ८०९१८ | ६६५१९ |
| | पूँजिगत खर्चतर्फ | २३०७९२ | ६८०६ | १६६६१ | ३२९३९ | १७४३८५ |
| | **जम्मा** | | ७०७६१ | १०७१८३ | ११३८५७ | २४०९०५ |
| | प्रतिशत | | ९।९५ | १५।०८ | १६।०२ | ३३।९० |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार तेश्रो चौमासिकमा रु. ३५४७६२६६२.० अर्थात ४९.९२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु २४०९०५०२३।४४ अर्थात ३३.९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१०. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | जम्मा बजेटको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५७७११००० | ३९९९४३७८ | ६९।३० |
| २ | पूर्वाधार विकास | १८६०४३८२२ | १०९५१६४३१ | ५८।८७ |
| ३ | सामाजिक विकास | ३७९९७८९९३ | ३१००४८५२४।८० | ८२।५९ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५६५४५०० | ११९४४८२० | ७६।२० |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७१०८४३०० | ६१२०३०६३।३८ | ८६।१० |
| जम्मा | | ७१०४७२६१५ | ५३२७०७२१७।१८ | ७४।९४ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी प्रतिशत  अन्य कार्यालय संचालन तथा प्रशासनिक कार्यमा खर्च गरेको छ भने वातावरण तथा विकासमा रकम खर्च गरेको छैन।

११. **खर्च बिश्लेषणः** नगरपालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु १६१८४४५६.४८ राजस्व बाँडफाँड र अनुदानबाट रु ६८९१५७३९३.३ समेत रु ७०५३४१८४९.८ आम्दानी भएकोमा विभिन्न कोषहरुसमेत चालु तर्फ रु ३०१९१४८६८.१८ र पूँजिगत तर्फ रु २३०७९२३४९.० र बित्तिय ब्यवस्था तर्फ रु ०.०० समेत रु ५३२७०७२१७.१८ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२९ प्रतिशत रहेको छ। नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.६७ प्रतिशत चालु र ४३.३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१२. **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर नगरपालिकाले विभिन्न पदमा ३१ जना कर्मचारीहरु करारमा राखि रु ९५५४७८०.० खर्च लेखेकोमा निज करार कर्मचारीहरुको करार नियुक्ति तथा करार अवधिको म्याद थप गरेको छैन। साथै नगरपालिकाले देहाय बमोजिमको पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता खर्च लेखेको छ ।

१३. **अवकाश कोष** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालको कर्मचारी कल्याण कोषमा रु ९४७०५५.११ मौज्दात रहेको छ । तर उक्त कोषको संचालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था गरेको छैन। कर्मचारी अवकाश सम्बन्धि कार्यविधि तयार गरी लागू गर्नु पर्दछ।

१४. **कानुन निर्माण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका,

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १९ वटा ऐन, ५ वटा नियमावली र २३ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

१५. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५/७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ८३ | १४५ | १५० | २४ | १८ | ४२० |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु. १ लाखसम्मका जम्मा ८३ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका १४५ वटा योजनाहरु रहेका छन् ।त्यसैले साना र वितरणमुखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावीत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

१६. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको, यो बर्ष कुल ३१ विवाद दर्ता भएकोमा २१ वटा फछ्यौंट भएको छ भने १० वटा फछ्यौंट बाँकी रहेको छ।

१७. **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।

- **पदाधिकारी सुविधा**

१८. **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट यो आ.व मा पदाधिकारीहरुलाई सेवा सुविधा भुक्तानी भएको छैन।

१९. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु १४११७०९.० खर्च गरेको छ ।

२०. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यस वर्ष रु. १३५७०००.० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| २१. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय/व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ७७२७२०००.० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु १६१८४४५६.४८ अर्थात ७९.१ अनुमान भन्दा प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २१.१. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।रु हजारमा | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६८९१५७३९३.३ | १६१८४४५६.४८ | २.३४ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा२.३४ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२. **कर तथा शुल्क असुली** –स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | | ९१४२९०।९० | |
| घरजग्गा वहाल कर | | १०३१४१० | |
| व्यवसाय कर | | १८०५८१८ | |
| वहाल विरौटी शुल्क | | ३७५१५१८.९ | |
| अन्य कर | | १६१८४४५६.४८ | |

नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२३. **राजश्व अभिलेख :** कार्यालयलको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। नगरपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा, छपाई भएको नगदी रसिदहरुको आम्दानी, वितरण तथा फिर्ताको पुरा अभिलेख

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नगरपालिकामा आएको देखिएन। अघिल्लो आ.व.को समेत विवरण पेश नभएकोले बाँकी के कति छन् यकिन गर्न सकिएन। यसर्थ कार्यालयमा वास्तविक आम्दानी भएको राजस्व दाखिला भए/नभएको सम्बन्धमा तहाँबाटै छानबिन गरिनुपर्दछ। साथै सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने र आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| २४. | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १२ वटा वडा नगरपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको सम्बन्धमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| २५. | **प्राविधिक विल सम्बन्धमा:**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३खरिद सम्झौता मा (१) अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दप्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको कतिपय ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्यांकनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । यसरी काम गर्ने क्रममा लागत अनुमान भन्दा वास्तविक काममा केहि न केहि मात्रामा कम अथवा बढि हुने नै गर्दछ । तसर्थ लागत अनुमान वरावर नै मूल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधकले उपभोक्ता समितिको विल वनाउँदा नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा बनाउनु पर्दछ । | |
| २६. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३)घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन ।साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्ये (७) किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |
| | **सशर्त कार्यक्रम** | |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२७.</td><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणः सार्वजनिक खरिद ऐन २०६३ को दफा २६मा बोलपत्र अस्वीकृत गर्ने वा खरीद कारवाही रद्द गर्ने व्यवस्था छ । उपदफा (६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने व्यवस्था छ । नगरपालिकामा यो वर्ष सबै आधारभूत स्वास्थ्य केन्द्र भवनको लागि बजेट प्राप्त भई ठेक्का व्यवस्थापन भएको छ ।वडा नं १,२,३,४,५,६,७,८,९,१० र ११ मा निर्माण भएको स्वास्थ्य केन्द्र भवनको लागत अनुमान कार्यालयले एउटै बनाएको छ फरक फरक ठाँउको निर्माण कार्यमा फरक फरक निर्माण सामाग्री, ढुवानी तथा अन्य सामाग्री उपलब्ध हुने स्थानको कारणले एउटै लागात अनुमान हुन नसक्ने अवस्थामा एउटै लागत अनुमान तयार गरी सूचना प्रकाशित गरेको छ ।उपरोक्त वडाहरुको भवन निर्माण कार्यमा थोरैमा ९ थान र बढीमा ४६ थान सम्म बोलपत्र बिक्रि भएको अवस्था छ । बोलपत्रको बिक्रि उल्लेखनिय रुपमा भएको अवस्थामा सबै १० वटै ठेक्काहरुमा बोलपत्र दर्ता १/१ थान मात्र भएको छ ।बोलपत्र दर्ता भएको आधारमा सार्वजनिक खरिद ऐन, तथा नियमावलि २०६४ बमोजिम पूर्ण प्रतिस्पर्धा भएको अवस्था छैन । सबै ठेक्काहरुको कबोल अंक लागत अनुमानको नजिक रहेको अवस्था छ । बढी भन्दा बढी प्रतिस्पर्धाको आधारमा ठेक्का व्यवस्थापन गर्नुपर्नेमा सबै ठेक्काहरुमा १/१ वटा मात्र बोलपत्र दर्ता भएको र बोलपत्रदाताहरुले मिलेमतोको आधारमा बोलपत्र दर्ता गरेको हुन सक्ने अवस्थामा कार्यालयले ऐनको मनसाय बमोजिम ठेक्का रद्द गरी पुनः बोलपत्र आह्वन गर्नसक्ने अवस्था दखिन्छ । यो वर्ष सबै ठेक्कामा गरी रु १८२७६९३३.० भुक्तानी भएको छ ।आर्थिक वर्षको अन्तमा कार्य सम्पन्न गर्ने गरी करिब २ महिना १५ दिन अवधि दिई ठेक्का व्यवस्थापन गरिएका सबै ठेक्कामा कार्यसम्पन्न भएको छैन । सबै ठेक्कामा कामको प्रगति र कार्यसम्पन्न गर्न आवश्यक पर्ने अवधिको विश्लेषण नगरी एकमुष्ठ मिति २०७८-३-३० सम्म म्याद थप गरिएको छ ।सार्वजनिक खरिद ऐन तथा नियमावलिले गरेको व्यवस्था बमोजिम बढी भन्दा बढी प्रतिस्पर्धा गरी ठेक्का लगाउने र कामको आधारमा म्याद थप गर्ने गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>पदाधिकारीलाई अनुगमन भत्ता - सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग समबन्धीत अनुसूची १(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । कर्मचारीहरुले कार्यालयको नियमित काम कारवाही संचालन गर्दा अतिरिक्त भत्ता वा लाभ लिन मिल्ने देखिदैन।नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरुले देहायको कार्यक्रममा अनुगमन भत्ता बुझेकोमा, नतोकिएको भत्तामा भुक्तानी भएको रु ४५९००.० को अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिति</th><th>व्यहोरा</th><th>पदाधिकारी संख्या</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>२२३/२०७७/३/२८</td><td>रेडियो पाठशाला अनुगमन</td><td>९</td><td>४५९००.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>०</td><td>४५९००.०</td></tr>
</table></td><td>४५९००.०</td></tr>
<tr><td>२९.</td><td>बैठक भत्ताः आर्थिक कार्यबिधि नियमावली २०६४को नियम १२१ तथा नेपाल सरकारको कार्यसंचालन निर्देशिका, २०७६ को ७.१.१ मा बैठक भत्ताको स्पष्ट मापदण्ड बनाएको छ । जस अनुसार कानुन अनुसार गठन भएका समिती हरुको वैठक भत्ता प्रदान गर्ने र यस्तो वैठक पनि कार्यालय समय अगाडी वा पछाडी हुनुपर्ने र स्पषट कार्ययोजना एवं विषयवस्तु समेत हुनुपर्ने व्यवस्था छ । तर यस्तो भत्ता एउटै निकाय वा अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्रै बस्ने वैठकमा भत्ता प्रदान गर्न नपाउने व्यवस्था रहेको छ ।नगरपालिकाले एउटै निकायका पदाधिकारी मात्रै संलग्न रहेको तथा कार्यालय समयमा बोलपत्र खोलेको दिनको समेत देहायअनुसार वैठकहरुमा सहभागि भएको भनि निम्नानुसार खर्च लेखेको पाइयो ।अतः कानुनमा व्यवस्था नभएको रकम भुक्तानी नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
</table>

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | गो.भौ मिति | बैठक विवरण | दाखिला गर्नु पर्ने कर बाहेकको रकम | कैफियत | ८१६००.० |
| | १६२।०७७।३।१२ | बोलपत्र खोल्दाको वैठक भत्ता विभन्न १५ जनाको | ५४८२५।– | २०७७।३।७ | |
| | १६२।०७७।३।१२ | बोलपत्र खोल्दाको वैठक भत्ता विभन्न १३ जनाको | २६७७५।– | २०७७।२।३२ | |
| | जम्मा | | ८१६००.० | | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष सम्पुर्ण वडाका ५७० जनालाई रोजगारी उपलव्ध गराई रु ७४७८६६८.० खर्च गरेको छ ।लक्षित वर्गलाई १३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन।साथै श्रमिकहरुको पारिश्रमिक बैंकमार्फत मात्र भुक्तानी गरिनुपर्नेमा सो व्यवस्थ कार्यान्वयन गरेको छैन। | |
| ३०.१. | **कार्यसम्पन्न प्रतिवेदन नभएको:** ५७- ०७७/०३/३१ नगरपालिकाले विभिन्न कार्यक्रमहरुमा खर्च गर्दा नगरसभाबाट स्वीकृत कार्यक्रम र बजेट भित्र रही खर्च गर्नुपर्दछ ।नगरपालिका अन्तर्गत वडा नं ५ मा शशस्त्र प्रहरीको BOP निर्माण कार्यको लागि रु ४४७७७७४ शशस्त्र प्रहरीलाई उपलब्ध गराएकोमा स्वीकृत बजेटमा सो कार्यक्रम रहेको छैन । स्वीकृत कार्यक्रम तथा बजेटमा नपरेको सो कार्यको कार्यसम्पन्न पनि पेश भएको छैन । | |
| | **नगरपालिका पूँजिगततर्फ** | |
| ३१. | **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |
| ३२. | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |
| ३३. | **बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ३४. | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** – पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ३५३७८५.० भुक्तानी दिएको पाईयो । | |

| सि.नं. | भुक्तानी पाउने संस्था/व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | हिक्मत बहादुर सिंह | वडा नं६ कृषि कार्यक्रम | ६८५७९ |
| २ | राम सिह धामी | विविध कार्यक्रम | १५००००.० |
| ३ | किसान ऐग्रोगेट | बिउबिजन खरिद | ९८८००.० |
| | जम्मा | | ३१७३७९.० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **उपभोक्ताको बिलः**४२/२०७६/११/६, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ। कार्यालयले मल्लो कुयापनी सिँचाई योजना निर्माण बापत उपभोक्ता समितिलाई रु ३७९२६४.० भुक्तानी गरेको छ। संलग्न फाँटवारी अनुसार पि.सि.सि २३.३२ घ.मि कार्य प्रमाणित गरेकोमा, नर्म्स अनुसार सोको लागी १४९.२ ब्याग सिमेन्ट आवश्यक पर्नेमा उपभोक्ताले १०० ब्याग सिमेन्टको बिलमात्र पेश गरेको छ। दर विश्लेषण अनुसार प्रति बोरा सिमेन्ट रु ९७०.४ को दरले भुक्तानी भएकोमा, सिमेन्टको घटी बिल बापत भुक्तानी गरेको रु ४७७३३.८४ सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ४७७३३.८४ |
| ३६. | **रोयाल्टीः** २३३/२०७७/३/१७, कार्यालयले सरगाँडा सिँचाई कुलो निर्माण बापत उपभोक्ता समितीलाई रु ६५७६०९.० भुक्तानी गरेको छ। प्रमाणित कार्यसम्पन्न अनुसार कार्यालये उपभोक्तालाई रोयाल्टी बापत ५०००.० भुक्तानी गरेकोमा रोयाल्टीको बिल उपभोक्ताले पेश नगरेकोले, बिल पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु | ५०००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३७. | **घटी बिलः** २६३/२०७७/३/१८ कार्यालयले राधाकृष्ण आ.वि सुवाखन घेरबार तथा कोठा मर्मत बापत उपभोक्ता समितिलाई रु ५७७२९४.० भुक्तानी गरेको छ। संलग्न फाँटवारी तथा दर विश्लेषण अनुसार एङ्गल पोल २२२ वटा खरिदको लागी प्रति पोल रु ६६०.० को दरले रु १६५५६७.६ भुक्तानी भएकोमा, उपभोक्ताले एङ्गल पोल खरिदको रु ९९१२९.२५ को मात्र बिल पेश गरेको छ। घटी बिल पेश भई बढी भुक्तानी भएको रु ६६४३८.५ सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ६६४३८.० |
| ३८. | ३४४/२०७७/३/२३, कार्यालयले श्री भवनी नवयुग बालज्योती प्रा.विको दुई कोठे भवन निर्माणको लागी उपभोक्ता समितिलाई रु ६५९३७१.० भुक्तानी गरेको छ। संलग्न फाँटवारीमा कार्यालयले Reinforcment को २४२४.२३ के.जी कार्य प्रमाणित गरी रु १२३.६८ का दरले रु २९९८३३.० भुक्तानी गरेकोमा, उपभोक्ताले १९७५ के.जीको मात्र बिल पेश गरेको छ। Reinforcment को ४४९.२३ के.जी घटी बिल पेश भई बढी भुक्तानी भएको रु ५५५८०.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ५५५८०.० |
| ३९. | **३३१/२०७७/३/२२,** कार्यालयले काफलगैरा खहरे खोला तारजालीको कार्य गरेबापत रु १४२३०५.० उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। संलग्न कार्यसम्पन्न अनुसार ग्याबिन जाली १.५*१*१ को ६ वटा र २*१*१ को १३ वटा को कार्य प्रमाणित भएकोमा सो जालीमा ढुँगा भर्ने कार्य ४८ घ.मी चढाई गरी सोको लागी रु २१३५.७ का दरले रु १०२५१३.१२ रकम भुक्तानी गरेको छ। नर्म्स अनुसार १.५*१*१ को ६ वटा र २*१*१ को १३ वटा जाली भर्न ३५ घ.मि मात्र ढुँगा भर्ने कार्य लाग्ने हुँदा बढी भुक्तानी भएको १३ घ.मी को रु २७७६४.१ सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | २७७६४.० |
| ४०. | कार्यालयले सडक निर्माणका लागि देहायका उपभोक्तासँग सम्झैता गरी, मेशिनबाट मात्र सडक निर्माणका लागी Excavation कार्य गरेको प्रमाणित गरी रकम भुक्तानी गरेको छ। संलग्न फाँटवारीमा उपभोक्ताद्वारा मेशिन प्रयोगको घटी बिल/भरपाई पेश गरी रकम भुक्तानी लगेकोले, बिलबिना भुक्तानी भएको रु ६७६९८२.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ६७६९८२.० |

| भौ.नं/मिति | उपभोक्ता समिति | कार्यसम्पन्न रकम | मेशिन प्रयोगको बिल/भरपाई रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| ४६१/२०७७/३/३० | ग्रामीण सडक निर्माण भिरकोट सिमल | ५६८३३५ | ४८२५०० | ८५८३५.० |
| १४९/२०७७/२/३० | दोबाटो प्याल्पिण्ड जमिरगडा सडक | ८४२०९३ | ७२१००० | १२१०९३.० |
| १७३/२०७७/३/३ | कटैजा खण्डदेखि जडेखोला सुवाखान सल्लेकुडी चौतारी पाताल कृषि सडक | ५७९९९२ | ५००००० | ७९९९२.० |
| ४२४/२०७७/३/२८ | गोगन कटौजी सडक निर्माण | १०३४१२१ | ७४२००० | २९२१२१.० |
| ३८१/२०७७/३/२७ | वोडा मनगाडा मकला आलिताल जोड्ने सडक निर्माण | ४८९७०४ | ३९१७६३ | ९७९४१.० |
| जम्मा | | | | ६७६९८२.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४१. | **उपभोक्तामार्फत जाली खरिदः** ५६/२०७६/१२/२, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले वातावरण तथा विपद् व्यवस्थापन योजनामा उपभोक्तालाई लागत अनुमानबिना जाली खरिद कार्यको लागि मात्र रु २९९९९८.० भुक्तानी गरेको छ। लागत अनुमान तथा सम्पन्न गर्नुपर्ने कार्यको विवरणबिना, सामग्री खरिदका लागीमात्र उपभोक्ता समिति खडा गरी पेश भएको बिलको आधारमा मात्र | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भुक्तानी गरिएको तथा जाली जडान भएको समेत प्रमाण पेश नभएकोले, उपभोक्तामार्फत खरिद भएको जाली भराण गरी कार्यसम्पन्न पेश गर्नुपर्ने रु | २९९९९८.० |
| ४१.१. | ११७/२०७७/२/२६, कार्यालयले घुम्टेगडा खानेपानी मर्मत उपभोक्ता समितिलाई पाईप खरिदका लागी रु २८३२६३.० भुक्तानी गरेको छ। सामग्री खरिदका लागीमात्र उपभोक्ता समिति खडा गरी पेश भएको बिलको आधारमा मात्र भुक्तानी गरिएको तथा पाईप जडान भएको प्रमाण समेत पेश नभएकोले, उपभोक्तामार्फत पाईप खरिद भएको नियमसम्मत नदेखिएको रु | २८३२६३.० |
| ४१.२. | **४०८/२०७७/३/२८,** कार्यालयले गायत्री मन्दीर मूर्ति खरिद योजनाको लागी उपभोक्ता समितिलाई रु १३४०००.० भुक्तानी गरेकोमा सोको लागी लागत अनुमान तयार गरेको छैन। मूर्ति खरिदका लागीमात्र उपभोक्ता समिति खडा गरी पेश भएको बिलको आधारमा मात्र भुक्तानी गरिएको नियमसम्मत नदेखिएको रु | १३४०००.० |
| ४२. | **पोल ढुवानीः** ४३२/२०७७/३/२९, कार्यालयले ईलेक्ट्रिक सामग्री पोल लगायत तार ढूवानी बापत उत्तम सुनारलाई रु ९९६००.० भुक्तानी गरेकोमा पोल तथा तार प्राप्ति तथा प्रयोगको विवरण नखुलेकोले, खर्च पुष्टिको प्रमाण पेश हुनुपर्ने रु | ९९६००.० |
| ४३. | **अधुरो भवन/संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३क) मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा खरिदको आवश्यकता पहिचान गरी पूर्ण खरीद प्रकृया अवलम्बन गरी खरिद कार्य स्वीकृति गर्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले देहायको भवन/संरचना निर्माणका लागि भुक्तानी गरेको रकमको संलग्न फाँटवारी अनुसार भवनको डि.पि.सि, पिल्लर लगायतको आंशिक संरचना निर्माणको मात्र सम्झौता भई सोही अनुसार कार्यसम्पन्न पेश भएको छ। भवन निर्माण जस्तो जटिल संरचना निर्माणको स्रोत समेत सुनिश्चित नभएको अवस्थामा, केही अंशमात्र निर्माण गरेर छोड्ने र सो भवनको अधुरो संरचना खडा गरी उपयोगहिन अवस्था श्रृजना भई सरकारी श्रोत साधनको नोक्सानी हुने अवस्था विद्यमान रहेको छ । आंशिक संरचनामात्र निर्माणका न्यून बजेट बिनियोजन गरी अधुरा अपुरा भवन संरचना निर्माण गरी रकम भुक्तानी भएको देखिएको छ। | |

| भौ.नं/मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १०५/२०७७/२/२२ | नेपाल मानव धर्म सेवा भवन निर्माण | २८२२५७.० |
| १०९/२०७७/२/२५ | मानव आश्रित भवन निर्माण | २८२२७८.० |
| १४३/२०७७/२/३० | आमा समूह भवन निर्माण | २२१२६०.० |
| १९३/२०७७/३/१२ | बैजनाथ मा.बि सलेता छात्रावास भवन निर्माण | ४७४११२.० |
| ३४४/२०७७/३/२३ | श्री भवनी नवयुग बालज्योती प्रा.वि भवन निर्माण | ६५९३७१.० |
| **जम्मा** | | **१९१९२७८.०** |

| | | |
|---|---|---|
| ४४. | **डि.पि.आर खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमा आवश्यक्ता अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस नगरपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरेको छैन। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| Dallegada Majhapani Tulanhadi Khajureni Road | Surpal Engineering Design Consult Pvt LTd | ४८८१६०.० | ४८८१६०.० |
| अन्तिम बसौटी झले भेटा सडक सर्वे | परशुराम ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | २५५९४५.० | २५५९४५.० |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४५. | **सबकन्ट्रयाक्टर मार्फत कार्यः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ। कार्यालयले लालढुङ्गा डिप बोरिङ्ग खानेपानी निर्माण बापत उपभोक्ता समितिलाई रु ३३४४३७५.० भुक्तानी गरेको छ। सँलग्न फाँटवारीमा उपभोक्ताले उक्त कार्य बान्नगढी ड्रिलिङ्ग र कन्स्ट्रक्सन प्रा.लि लाई सब कन्ट्रयाकटमा काम गर्न दिई, सो संस्थाको रु ४१९०२८२.९५(मू.अ.कर समेत) को बिल राखी भुक्तानी लिएको छ। सोमा उपभोक्ताले कुनै पनि कार्य गरेको बिल तथा प्रमाण छैन डिप बोरिङ्गको Water Quality Testing Report समेत पेश गरेको छैन। | |
| ४६. | **कम्प्लेक्स भवन निर्माणः** कार्यालयले कम्प्लेक्स भवन निर्माणका लागि रोयल उग्रतारा सिद्धनाथ जे.भिसँग मिती २०७५/३/१४ मा रु ६३९४१०५२.२ मा सम्झैता गरेको छ। कार्यालयले हालसम्म चौथो रनिङ्ग बिलसम्म रु ४७३८०६३३.२६ भुक्तानी गरेको छ भने सम्झैता अनुसार २०७७ जेठ मसान्तसम्म कार्यसम्पन्न गर्ने अवधि तोकिएकोमा हाल कोभिड लगायत विविध कारणले १३ महिनाकोलागि १ पटक म्याद थप गरीएको छ। यस सम्बन्धमा थप व्यहोरा देहाय बमोजिम छन्। | |
| ४६.१. | निर्माण व्यवसायीले म्याद थपको लागी पेश गरेको कार्यतालिका अनुसार **Concrete Works** र **Wood works** लगायतका सम्पुर्ण कार्य पुरा हुनुपर्नेमा हालसम्म सो कार्य पुरा नभएकोले, कार्यतालिका बमोजिम कार्यालयले कार्य गराउनु पर्ने देखिन्छ। | |
| ४६.२. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरिक्षण र परिक्षणको व्यवस्था गर्नुपर्ने तथा नियम ११२(१) मा दश लाख माथिको खरिद सम्झौतामा अनिवार्य बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले भवन निर्माण सम्झैतामा बमोजिम भवन निमार्णको **Materials Test, Concerete Test** लगायतका गुणस्तर परीक्षण नगरेको हुनाले, निर्मित संरचना गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन। | |
| ४६.३. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१ख) मा सार्वजनिक निकायले रनिङ्ग बिलको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा गर्नुपर्ने उल्लेख छ। कार्यालयले कम्प्लेक्स भवनको सम्झैता अनुसार आर.सि.सि तथा सोमा लाग्ने **Reinforcement** को कार्य पुरा भईसकेको जनाई चौथो रनिङ्ग बिलसम्ममा रु १२३४८१००.० भुक्तानी गरेको छ। संलग्न नापी किताब अनुसार आर.सि.सि को कार्य ७१४.९४ घ.मी नापजाँच भएकोमा, सोमा लाग्ने **Reinforcement** को परिमाणको नापजाँच तथा नक्साबिना दामासाही रुपमा १२९.९८ मेट्रिक टन चढाई रकम भुक्तानी भएको छ। भवन विभागको स्वीकृत नर्म्स अनुसार आर.सी.सीको प्रति घ.मि कार्यमा बढिमा १.५ प्रतिशत **Reinforcement** लाग्ने जनाएकोमा सो बमोजिम ७१४.९४ घ.मि आर.सि.सि को कार्यमा ८४.१८ मेट्रिक टनमात्र **Reinforcement** परिमाण लाग्ने हुँदा, सो बमोजिम ४५.८ मेट्रिक टन परिमाण बढी भुक्तानी भएको देखिने हुँदा, **Reinforcement** को सोको बास्तविक परिमाण नापजाँचका आधारमा रकम भुक्तानी गरिनुपर्ने अन्यथा बढी भुक्तानी भएको परिमाण ४५.८ मेट्रिक टनको रु ९५०००.० को दरले हुने रु ४२१३६००.० असुल गरिनुपर्ने रु | ४२१३६००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४७. | **Reinforcement बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१ख) मा सार्वजनिक निकायले रनिङ्ग बिलको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा गर्नुपर्ने उल्लेख छ। कार्यालयले देहायको वडा कार्यालय तथा अन्य भवन निर्माणमा **Reinforcement** को परिमाण नापजाँच नगरी दामासाही रुपमा परिमाण नापीकिताबमा चढाएको छ। भवन विभागको स्वीकृत नर्म्स अनुसार आर.सी.सीको प्रति घ.मि कार्यमा बढिमा १.५ प्रतिशत **Reinforcement** लाग्ने जनाएकोमा, रनिङ्ग बिल भुक्तानी भएका भवनमा, नर्मस भन्दा बढी परिमाण **Reinforcement** चढाई रकम भुक्तानी भएकोले, सोको बास्तविक परिमाण नापजाँचका आधारमा रकम भुक्तानी गरिनुपर्ने रु | ११०९४५६.० |

| योजना | निर्माण व्यवसायी | आर सि सि परिमाण(घ.मी) | Reinforcement परिमाण(मे.ट) | नर्म्स अनुसार हुनुपर्ने Reinforcement परिमाण(मे.ट) | बढी भुक्तानी भएको परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| वडा १० वडा कार्यालय | टि.आर.पि निर्माण सेवा | ५३.९८ | ८ | ६.३५ | १.६५ | ७४२०८ | १२२४४३ |
| वडा ९ वडा कार्यालय | टि.आर.पि निर्माण सेवा | ५३.९८ | ८ | ६.३५ | १.६५ | ७४२०८ | १२२४४३ |
| वडा ३ वडा कार्यालय | टि.आर.पि निर्माण सेवा | ५३.९८ | ८ | ६.३५ | १.६५ | ७४२०८ | १२२४४३ |
| वडा ८ वडा कार्यालय | हेमराज निर्माण सेवा | ५३.९८ | ८.८५ | ६.५१ | २.३४ | ७८७४६ | १८४२६५ |
| वडा ११ वडा कार्यालय | शाही निर्माण सेवा | ५३.९८ | ८.६४ | ६.३५ | २.२९ | ६९०१० | १५८०३२ |
| भागेश्वर मा वि छात्रवृत्ति भवन | भगवती कन्स्ट्रक्सन | ५१.१९ | ८.२९ | ४.८२(१२०के.जी प्रति घ.मि सम्झैता बमोजिम) | ३.४७ | ११५२२५ | ३९९८३० |
| जम्मा | | | | | | | ११०९४५६.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८. | **नाफामूलक संस्थालाई अनुदान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। कार्यालयले भित्रिमधेर बहुउद्देश्यीय सहकारी संस्थालाई कम्प्युटर तथा फोटोकपी मेशिन खरिदको लागी रु ४९६४४०.० भुक्तानी गरेको छ। व्यक्तिगत वा निजि संस्थागत लाभको लागी संचालित संस्थाको सामग्री खरिदको लागी भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु | ४९६४४०.० |
| ४९. | **श्रेस्ता पेश नभएकोः** कार्यालयले देहायका निर्माण व्यवसायीलाई निम्नानुसार योजनाको ठेक्का सम्झैता अनुसार कार्यसम्पन्न भएपश्चात्त रकम भुक्तानी गरेकोमा, लेखापरीक्षणका बखतमा सोको ठेक्का फायल, सम्झैता तथा **Bill of Quantities** पेश नभएकोले, कारोबारको भुक्तानी सम्बन्धमा आश्वस्त हुन नसकिएको रु | २८४६१०९.० |

| भौ.नं/मिति | निर्माण व्यवसायी | योजना | भुक्तानी रकम |
|---|---|---|---|
| ४६६/२०७७/३/३० | बोहोरा निर्माण सेवा | भिरकोट खोरान दोश्रो खण्ड | ७८०३७७.० |
| ४६६/२०७७/३/३० | सिताराम निर्माण सेवा | मलास भूमिथला रैचनी कृषक सडक | १४१७५०८.० |
| ४५४/२०७७/३/२९ | भगवती कन्स्ट्रक्सन | कैनपानीमालभुल भिकोट बुडा कोलखान सडक | ४०१३४२.० |

| दफा नं | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४५१/२०७७/३/२९ · भगवती कन्स्ट्रक्सन · गैरीखान गुप्तेगेडा लिप्न सडक · २४७१८२.० | |
| | जम्मा · २८४६१०९.० | |
| ५०. | **परशुराम धाममा परशुराम मूर्ति निर्माणः** ४६८/२०७७/३/३०, कार्यालयले परशुराम धाममा परशुराम मूर्ति निर्माणका लागी लुम्बिनी उग्रतारा जे.भिसँग मिति २०७५/११/२५ मा एक वर्षमा कार्यसम्पन्न गर्ने गरी रु ९२५६५२९.५३ मा सम्झैता गरी हालसम्म रु १९२८६३२.१४ भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्। | |
| ५०.१. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरिक्षण र परिक्षणको व्यवस्था गर्नुपर्ने तथा नियम ११२(१) मा दश लाख माथिको खरिद सम्झौतामा अनिवार्य बिमा गराउनुपर्ने व्वयस्था रहेको छ। कार्यालयले धामको मूर्ति निर्माण सम्झैतामा गुणस्तर परीक्षणको व्यवस्था नगरेकोले तथा **Materials Test, Concerete Test** लगायतका गुणस्तर परीक्षण समेत नगरेको हुनाले, निर्मित संरचना गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन। | |
| ५०.२. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१ख) मा सार्वजनिक निकायले रनिङ्ग बिलको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा गर्नुपर्ने उल्लेख छ। कार्यालयले मूर्ति निर्माणको सम्झैता अनुसार आर.सि.सिमा लाग्ने **Reinforcement** को हालको रनिङ्ग बिलसम्ममा रु ११५३४२२.६ भुक्तानी गरेको छ। संलग्न नापी किताब अनुसार आर.सि.सि को कार्य २६.७२ घ.मी नापजाँच भएकोमा, सोमा लाग्ने **Reinforcement** को परिमाणको नापजाँच तथा नक्साबिना दामासाही रुपमा १०४८५.६६ के.जी चढाई रकम भुक्तानी भएको छ। कार्यालयले आर.सी.सीको प्रति घ.मि कार्यमा २ प्रतिशत **Reinforcement** लाग्ने गरी लागत अनुमान स्वीकृती तथा सोही अनुसार सम्झैता गरेकोमा सो बमोजिम २६.७२ घ.मि आर.सि.सि को कार्यमा ४१९५ के.जीमात्र **Reinforcement** परिमाण लाग्ने हुँदा, सो बमोजिम ६२९०.६६ के.जी परिमाण बढी भुक्तानी भएको देखिने हुँदा, **Reinforcement** को वास्तविक परिमाण नापजाँच गरी नापीकिताब अद्यावधिक गर्नुपर्दछ। | |
| ५१. | **गोगन बसौटी शिर्ष सडक निर्माणः** ४८८/२०७७/३/३१, कार्यालयले गोगन बसौटी शिर्ष सडक निर्माण (कुलेनी बसौटी खण्ड) को कार्य गर्ने गरी रु ४०६४५१३८.७८ मा पी.एस्.रोयल जे.भिसँग सम्झौता गरेको छ। कार्यालयले मिती २०७७/१/३० मा दुई वर्षमा काम सक्ने गरी निर्माण व्यवसायीसँग सम्झैता गरेकोमा, प्रथम रनिङ्ग बिल बापत कार्यालये रु १३०११३४५.३ भुक्तानी गरेको छ। भुक्तानीको संलग्न बिल तथा नापीकिताब अनुसार सडक निर्माणको काई चेनेज १८+००० बाट शुरु भई ३२+००० सम्म नापजाँच भएको छ। सो सडकको मुनलाईट ओभिल सोलुसन्स/ए पी ईन्जिनियरिङ्ग प्रा.लि ले निर्माण गरेको डि.पि.आरमा सडक निर्माण ०+००० चेनेज बाट शुरु भई ३३+९६७ चेनेजमा अन्त्य हुन्छ भने सम्झैता बमोजिम भएको छ। कार्यालयले अघिल्लो चेनेजको कार्य पुरा नभई पछिल्लो कार्य किन भएको भन्ने बारेमा नखुलाएकोले, सडको चेनेज बमोजिमको बास्तविक नापजाँच गरि नापीकिताब अद्यावधिक गरिनुपर्दछ। | |
| ५२. | **ठेक्काको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(६) मा शुरु सम्झैताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न नपाईने उल्लेख छ। कार्यालयले देहायको वडा कार्यालय भवन निर्माणको ठेक्का सम्झैता एक वर्ष समय अवधि राखी निम्नानुसार सम्झैता गरेकोमा, निर्माण व्यवसायीले हालसम्म सोको निर्माण कार्यसम्पन्न गरेको छैन भने कार्यालयले दुई वा तीन पटकसम्म शुरु अवधिको असी देखि एकसय पच्चिस प्रतिशतसम्म समयअवधि थप गरेको छ। नियमावलीको व्यवस्था विपरीत म्याद थप गर्ने पदाधिकरीलाई जिम्मेवार बनाउँदै, तोकिएको जरिवाना गरी निर्माण व्यवसायीलाई कार्यसम्मपन्न गराउनुपर्दछ। | |

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झैत रकम(मू.अ.कर बाहेक) | शुरु अवधि | म्याद थप भएको अवधि |
|---|---|---|---|---|

| दफा नं | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| वडा नं ११ वडा कार्यालय भवन | शाही निर्माण सेवा | ४११४२४४ | १२ महिना | १० महिना |
| वडा नं १० वडा कार्यालय भवन | टी.आर.पि निर्माण सेवा | ४०९९१३२ | १२ महिना | १५ महिना |
| वडा नं ११ वडा कार्यालय भवन | हेमराज निर्माण सेवा | ४३५३९१८ | १२ महिना | १५ महिना |
| वडा नं ११ वडा कार्यालय भवन | टी.आर.पि निर्माण सेवा | ४०८९१७५ | १२ महिना | १५ महिना |
| वडा नं ११ वडा कार्यालय भवन | टी.आर.पि निर्माण सेवा | ४०९२६५९ | १२ महिना | १५ महिना |

**नगरपालिका चालुतर्फ**

५३. **इन्धन तथा मर्मतः** नगरपालिकामा रहेका सवारीसाधनहरु (गाडि मोटर साइकल आदि) मा विभिन्न समयमा प्रयोग भएको इन्धन खर्चको लग बुक राखेको पाइएन । इन्धन खर्चको मापदण्ड नबनाई खर्च लेख्दा इन्धनको प्रयोगमा दुरुपयोग बढ्ने संभावना रहने हुँदा मापदण्ड बनाइ खर्च गरीनु पर्दछ । सवारीसाधनहरु मर्मत गरी मर्मत खर्च लेखेकोमा मर्मत अभिलेख समेत राखेको पाइएन । इन्धन तथा मर्मत खर्च लेख्दा नियमानुसार अभिलेख राखेर खर्च लेख्नु पर्ने देखिएको छ ।

५४. **गत वर्षको भुक्तानीः** ९।०७६।६।१४ रकम अपर्याप्त भएको तर खर्च नगरेमा हानी नोक्सानी हुने वा सो कार्य नगरेमा सेवा प्रवाहमा असर पर्ने परिस्थितिमा चालु वर्षको आयले नखामेको खर्च आगामी वर्ष भुक्तानी हुने गरी दायीत्व सिर्जना हुने परिस्थितिमा त्यस्तो खर्च लेख्न सम्वद्द पदाधिकारीको स्वीकृती लिई भूक्तानी दिने वर्षको कार्यक्रममा समेत समावेश गरी वजेट व्वस्था र खर्च अनुमोदन सभावाट गर्नु पर्दछ । गत वर्षको पदाधिकारी सुविधा वापत यो बर्ष रु ५२,४४०००।– भुक्तानी खर्च लेखेको छ।गत बर्ष भुक्तानी हुन नसकेको आधार स्पष्ट भएन ।

५५. **प्रयोजन नखुलेकोः** नगरपालिकाले विविध शिर्षकमा निम्नानुसार खर्च लेखेकोमा कार्यलयमा कुन प्रयोजनको लागि खर्च लेखेकोहो स्पष्ट नभएको र खर्च अस्वभाविक देखिएकोले अनियमित देखिएको रु — १६५१८०.०

| गो भौ र मिति | खर्च विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ४३।०७६।८।११ | दाल चौंमल लगायत विविध खाद्यान्न | श्री राम किराना पसल | ६०४८० |
| ६८६।०७७।३।३१ | बिविध खर्च | बिभिन्न | १०४७०० |
| जम्मा | | | १,६५,१८०।– |

५६. **ईन्धन खर्चः** नगरपालिकाले ईन्धन शिर्षकमा निम्नानुसार खर्च लेखेकोमा नगरपालिकामा भएको सवारी साधन र खपतको तुलना गर्दा ईन्धन खर्च अस्वभाविक रुपमा बढी देखिएको र लगबुक समेत ब्यस्थित नगरेको कारण खर्च पुष्टि हुन सकेको छैन।

| गो भौ र मिति | खर्च विवरण | ईन्धन परीमाण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १२८।०७६।९।२६ | डिजल | १९३८ लिटर | उग्रतारा आयल स्टोर | १९१०८७ |
| २७६।०७६।११२९ | डिजल | ११७५ लिटर | उग्रतारा आयल स्टोर | ११८२०५ |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३३०।०७७।१।१३ | डिजल।पेट्रोल | ५९१ लिटर डिजल २४३८ पेट्रोल | उग्रतारा आयल स्टोर | २८८९७८ |
| ५४७।०७७।३।२१ | डिजल।पेट्रोल | २०४१ लि डिजल ७४० लि पेट्रोल | उग्रतारा आयल स्टोर | ३३३५६६ |
| जम्मा | | | | ९,३१,८३६।– |

५७. **नगरसभाबाट अनुमोदन नभएको: कार्यालयले निम्नानुसार** नगर प्रमुखको तोकआदेश आदेशवाट निम्नानुसार पूर्वाधार विकास तथा अन्य कार्यक्रम्मा निम्नानुसार भुक्तानी गरेको छ ।उक्त रकम सभावाट अनुमोदन हुनु पर्ने देखिएको रु

बेरुजू रकम: ७९९५००.०

| गो भौ र मिति | खर्च विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १६६।०७६।१०।१२ | पर्यटन पूर्वाधार | हामी सवालागि एकता समाज | १००००० |
| २७९।०६।११।२९ | पर्यटन पूर्वाधार | श्री पर्शुराम क्षेत्र विकास समिति | १५०००० |
| ३७८।०७७।१।२२ | टेलिभिजन डकुमेन्टरी | | ४९९५०० |
| ६९४।०७७।३।३१ | सहयोग | ने का अछाम–काठमाण्डौ सम्पर्क समाजलाई | ५०००० |
| जम्मा | | | ७९९५००।– |

५८. **स्वयम सेवक शिक्षक तलव:** पालिका अन्तर्गतका विभिन्न विध्यालयहरुको लागि स्वयम शिक्षकको पारीश्रमिक वापत यस शिर्षक वाट निम्नानुसार रु ७६,१६,६९५।– बिभिन्न ३९ बिध्यालयको खातामा पठाएको छ। विध्यालयहरुमा दरबन्दीमा नरहेका शिक्षक हरुको पारीश्रमिक भुक्तानी गरेको वा अन्य कार्यक्रममा खर्च गरेको सोको अनुगमन प्रतिवेदन प्राप्त गर्नुपर्दछ।

| गो भौ र मिति | विध्यालय संख्या | भुक्तानी रकम |
|---|---|---|
| ४।०७६।४।१३ | विभिन्न | १७१५०००.०० |
| १३०।०७६।०७७।१।२६ | २३ | १२४४०००.०० |
| ३४१।०७७।१।१४ | ३८ | ४६५७६९५.०० |
| जम्मा | | ७६,१६,६९५।– |

५९. **अनुगमन भत्ता:**भ्रमण खर्च नियमावली २०६४ को नियम १० मा उल्लेखित व्यवस्था अनुसार २० कि मि सम्म भ्रमण तथा अनुगमन वापतको भत्ता खर्च लेख्न मिल्ने देखिंदैन ।साथै सुदुर पश्चिम प्रदेशले पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरुको लागि अनुगमन सम्बन्धी व्यवस्था नभएकोमा पालिकाले बजार तथा योजना अनुगमन गरेको भनी निम्नानुसार रु ११८८४३०.० भुक्तानी खर्च लेखेको देखियो ।यसरी आफ्नै वडा तथा पालिका भित्र अनुगमन गरेको खर्च लेख्न मिल्ने आधार पेश हुनु पर्ने रु

बेरुजू रकम: ५६१३७५.०

| गो भौ र मिति | अनुगमनको विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ५३९।०७७।३।१८ | वडा नं ४ अनुगमन | विभिन्न पदाधिकारी | १२९५०० |
| ६१७।०७७।३।२७ | वडा नं ४ अनुगमन | विभिन्न पदाधिकारी | १०९००० |
| ६२३।०७७।३।२७ | वडा नं ८ अनुगमन | विभिन्न पदाधिकारी | ५८००० |
| ६२५।०७७।३।२७ | वडा नं ८ अनुगमन | विभिन्न पदाधिकारी | ५०००० |
| ६२६।०७७।३।२७ | वडा नं ८ अनुगमन | विभिन्न पदाधिकारी | ९९८७५ |
| ६३९।०७७।३।२८ | वडा नं ९ अनुगमन | विभिन्न पदाधिकारी | ५०००० |
| ६४४।०७७।३।२८ | वडा नं ६ अनुगमन | विभिन्न पदाधिकारी | २५००० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ६५९।०७७।३।२९ \| वडा नं १ अनुगमन \| विभिन्न पदाधिकारी \| ४०००० <br> जम्मा \| ५६१३७५ | |
| ६०. | **बैठक भत्ताः** आर्थिक कार्यबिधि नियमावली २०६४को नियम १२१ तथा नेपाल सरकारको कार्यसंचालन निर्देशिका, २०७६ को ७.१.१ मा बैठक भत्ताको स्पष्ट मापदण्ड बनाएको छ । जस अनुसार कानुन अनुसार गठन भएका समिती हरुको वैठक भत्ता प्रदान गर्ने र यस्तो वैठक पनि कार्यालय समय अगाडी वा पछाडी हुनुपर्ने र स्पष्ट कार्ययोजना एवं विषयवस्तु समेत हुनुपर्ने व्यवस्था छ । तर यस्तो भत्ता एउटै निकाय वा अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्रै बस्ने वैठकमा भत्ता प्रदान गर्न नपाउने व्यवस्था रहेको छ । तर यस नगरपालिकाले एउटै निकायका पदाधिकारी मात्रै संलग्न रहेको तथा कार्यालय समयमा पटक पटक वैठक वसेको देखाई वैठक वाट उल्लेखनीय निर्णय नहुने र वैठकमा सहभागि भएको आधारमा रु २९६९९७०.० भत्ता खर्च लेखेको पाइयो । | |
| ६१. | **लागत अनुमानः** सारवजनिक खरिद नियमावली २०६४को नियम ११(५) अनुसार लागत अनुमान स्वीकृत गराएर मात्र तोकिएको प्रकृया अपनाई मर्मत कार्य गराउन सकिने व्यवस्था गरेको छ। नगरपालिकाले नियमको उक्त व्यवस्था अनुसार लागत अनुमान स्वीकृत नगराई निम्नानुसार खुला विल तथा खुला कोटेशन वाट म ले प फारम नं २ समेत अध्यावधिक नगरी मर्मत कार्य गराएको छ। | |

| गो भौ र मिति | मर्मत विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १८९।०७६।१०१५ | सवारी साधन २३६ नं | पि डी अर्थभुमर्स र सरफत अटोमोवाईल्स | ४६२८५९ |
| २७५।०७६११।२३ | सवारी साधन २३६ नं | सु पु वर्कसप | १६२११६ |
| ४२१।०७७।२।९ | गाडी मर्मत २३६ | सरफत अटोमोवाईल्स | २०३८६३ |
| ५०९।०७७।३।१२ | गाडी मर्मत १४३ | पि डी अर्थभुमर्स | २७४०७४ |
| ६८९।०७७।३।३१ | गाडी मर्मत २३६ | सरफत अटोमोवाईल्स | ११५८०० |
| ६८९।०७७।३।३१ | गाडी मर्मत २३६ ६४९००। विविध खर्च वाट मर्मत | सरफत अटोमोवाईल्स | १०८२०० |
| जम्मा | | | १३,२६,९१२।- |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | **परामर्श सेवाः**३०२।०७६।१२।४ समपुरक अनुदान माग गर्ने कागजात तयार गर्न प्याराडाईजिम ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई रु ९६,०५०।- भुक्तानी दिएकोमा सो कन्सल्टेन्सी लाईदिएको TOR अनुसारको काम गरेको प्रमाण पेश हुन नआएकोले खर्च पुष्टि नभएको रु | ९६०५०.० |
| ६३. | **परामर्श खर्चः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य र जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र र नियम ३१ अनुसार सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले डि.पि.आर तयार गर्नको लागि लागत अनुमान तयार गरी निम्नानुसार खुलाकोटेशन एवं सोझै दर रेट माग गरी परामर्श सेवा लिएको देखियो । नियमको उक्त | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

व्यवस्था अनुसार रु ५ लाख भन्दा बढी २० लाख सम्मको परामर्श सेवा शिलबन्दी दरभाउपत्रको माध्यमवाट प्रतिस्पर्धा गराई सेवा लिनु पर्नेमा खुला कोटेशन वाट रु १०,८७,३८३।– खरिद कार्य गराएको छ।

| गो.भौ.र मिति | खरिद विवरण | लागतअनुमान | परामर्शदाता | संझौता एवं भुक्तानी रकम |
|---|---|---|---|---|
| ४४७।०७७।२।२७ | सडक सर्वे ३ कि मी | २२१२३८ | वन पलस ई कनसलटेन्सी एण्ड कन्स्ट्रक्सन | २२१२३८ |
| ४४८।०७७।२।२८ | सडक सर्वे ५ कि मी | ४५३६९५ | परशुराम ई कन्सल्टेन्सी | ४५३६९५ |
| ४७४।०७७।३।३ | सडक सर्वे ५ कि मी | ४१८१०० | राईजिङ नेपाल रिसर्च एण्ड कन्सल्टिङ प्रा लि | ४१२४५० |
| जम्मा | | | | १०,८७,३८३।– |

६४. **ब उ शि नं ३६५००१०४**

**उपभोक्तालाई बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(६)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ ।उपभोक्ताको भुक्तानी दिंदा संझौता अनुसारको उपभोक्ताको अंश कटाएर भुक्तानी दिनु पर्नेमा निम्नानुसार उपभोक्ताले ब्यहोर्ने अंश घटी कट्टा गरेको कारण बढी भुक्तानी हुन गएको रकम रु ९१६७१.० असुल हुनु पर्ने देखिएको रु — बेरुजू रकम: ९१६७१.०

| गो भौ र मिति | योजना | लागत अनुमान | मुल्यांकन | उ स को अंश प्रतिशत | भुक्तानी हुनु पर्ने | भुक्तानी गरेको | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३।०७७।३।२७ | महादेव प्रा वि भवन | ११५८४४३ | १११९५७७ | १७.१३ | ९२११६३ | ९२९१९३ | ८०३० |
| ४।०७७।३।२७ | राधा कृष्ण मन्दिर | १२०९१४० | ११९९३०० | २०.६ | ९५२२४४ | ९५९४४० | ७१९६ |
| ६।०७७।३।२९ | शिद्द बैद्दनाथ प्रा वि | ११५५१७२ | ११४२६५५ | १६.९ | ९४९५४६ | ९५३७०० | ४१५४ |
| ७।०७७।३।२९ | शिद्द भगवती प्रा वि | ११५८६२१ | ८५९७९८ | १७.१५ | ७१२३४३ | ७१६४५० | ४१०७ |
| | | | | | | | ०० |
| प्रदेश पूंजिगत तर्फ | | | | | | | |
| ५।०७७।३।२५ | शापा खोला खा पा | १७४०४५६ | १७०५९०९ | १७.२६ | १४११४६९ | १४२२५०० | ११०३१ |
| ५।०७७।३।२५ | शापा खोला खा पा | १४८९११८ | १२८७५५५ | २०.१५ | १०२८११२ | १०३००४५ | ११०३१ |
| १५।०७७।३।३० | त्रिबेणी ब क्यामपसभवन | २४६३४५३ | २२६८२५६ | २२.०६ | १७६७७७८ | १८१४००० | ४६१२२ |
| जम्मा | | | | | | | ९१६७१.० |

६५. **कर विजक पेश नभएकोः**३।०७७।३।२७ मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा रीतपुर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ ।उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यको लागत अनुमानमा अ कर समेत समावेश गरी तयार गरेकोले कर योग्य निर्माण सामाग्री खरिद वापतको रकम भुक्तानी मा कर बिजक

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जारी गर्नु पर्नेमा निम्नानुसार पान विल वाट भुक्तानी दिएको देखिएकोले कर विजक वेगर भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने देखिएको रु | १००८८३.० |

| गो भौ र मिति | योजनाको नाम | पान विलको रकम | असुल हुनु पर्ने मु अ कर रकम |
|---|---|---|---|
| ३।०७७।३।२७ | महदेव प्रावि भवन निर्माण उपभोक्ता समिति | २४,४६०।– | ३१७९।८० |
| ५।०७७।३।२९ | शिद्दनाथ गौरा मन्दिर उ स | २१,०८०।– | २७४०।०० |
| प्रदेश पूंजिगत तर्फ | | | |
| ५।०७७।३।१७ | सया सेला खा पा यो | २८,०६७।– | ३६४८।७१ |
| ८।०७७।३।२८ | शिव पार्वती मा वि भवन निर्माण | ७,०२,४२०।– | ९१३१४।६० |
| जम्मा | | | १००८८३।११ |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६६. | **प्रदेश पूंजिगततर्फः** **मुल्यांकन भन्दा वढीः** १७।०७७।३।३१ सार्वजनिक खरिद नियमावलि २०६४को नियम १२३(१)ख अनुसार खरिद संझौता अनुसार सार्बजनिक निकायले सम्झौतामा उल्लेखित प्रावधान बमोजिम निर्माण कार्य सम्पन्न भई प्राबिधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्न सकिने ब्यवस्था गरेको छ ।गाई बाँधे सादनी सडक निर्माण वापत जगदम्बा बिल्डर्स प्रा लि लाई भुक्तानी दिंदा चेनेज नं. ०+००० देखि१+३०५को कुल क्षेत्रफल जम्मा ४,१७२.४४ घनमीटर भएकोमा ठेक्का बीलमा ४,४१२.४४ घन मीटर चढाईभुक्तानी गरेको देखिएकोले २४० घनमीटरको प्रति घनमीटर रु १३५ को दरले हुने रु ३२,४००।– बढी भुक्तानी भएको बढी भुक्तानी गरेको मु अ कर समेत रु ३६,६१२।– असुल हुनु पर्ने रु | ३६६१२.० |
| ६७. | **मु अ करमा बिजक बिना भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४को नियम १९(१)क मा रु २० हजार भन्दा बढीको खरिद कार्य मु अ करमा दर्ता भएको संग गराउनु पर्ने व्यवस्था गरेको छ ।यस नगरपालिकाले निम्नानुसार मु अ करमा दर्ता नभएको संग सेवा लिएको अनियमित देखिएको रु | ३०९०००.० |

| गो.भौ.र मिति | भुक्तानी विवरण | आपूर्तकको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ६००।०७७।३।२५ | प्रशारण | रेडियो युनिटी | १५३००० |
| ६१९।०७७।३।२७ | प्रशारण | परशुराम एफ एम | १५०००० |
| जम्मा | | | ३०९०००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **सामाजिक सुरक्षातर्फः** | |
| ६८. | **सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७५।७६ मा कुल १२ वडामा सामाजिक सुरक्षा भत्ता बापत रु ८७०३५२००.० वितरण गरेको छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ। | |
| ६८.१ | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य | |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख पेश भएको छैन । यसले गर्दा लाभग्राहीको यथार्थ तथ्याङ्क एकिन गर्न सकिएन । | |
| ६८.२ | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ ।नगरपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormat खाताको विवरण नगरपालिकालाई प्राप्त भएको छैन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको यकिन गर्ने सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार नगरपालिकाले उक्त बैंकसँग Dormat खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ । | |
| | **विपद् व्यवस्थापन** | |
| ६९. | **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७, मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ ।नगरपालिकामा रहेको उक्त कोषमा गत बर्षको मौज्दात ० रहेको, यो आ.व.मा रु २४२२७९७८ जम्मा भएको र रु २२२९६८२७ खर्च भएको र रु १९३११०१ बाँकी रहेको देखिन्छ।विपद् व्यवस्थापन कोषको कार्यविधि तयार गरी कार्य गर्नुपर्दछ। | |
| ७०. | **कोभिड खर्चः** कोभिड १९ को अवधिमा विभिन्न वडाहरुले खाना खाजा विभिन्न किराना पसलको विल वाट खर्च लेखेको छ।वडाहरुले राहत वितरण तथा अन्य खर्च गरेको विल भर्पाईको आधारमा खर्च लेखेको भए पनि निश्चत मापदण्ड, नमर्स , निर्णय तथा कार्यक्रम नखुलेको, लगडाउनको अवधिमा समेत होटल विल पेश गरी खर्च दाबि गरी सम्वन्धित पार्टि लाई भुक्तानी नगरी सोधभर्ना लिएको देखियो । जस्वाट उक्त भुक्तानी तथा खर्चको यथार्थता समेत यकिन गर्न सकिएन । तसर्थ यस्तो खर्चको सम्वन्धमा सम्वन्धित निकायको ध्यानाकर्षण हुनु पर्ने देखियो ।यसरी निर्णय र खर्चको नमर्स वेगर भुक्तानी भएको खर्चको केही उदारहण निम्न छन । | |

| मिति | खर्च विवरण | भुक्तानि लिनेको नाम | खर्च लेखेको रकम |
|---|---|---|---|
| ३७४।०७७।१।२२ | बिविध खर्च | हर्क वहादुर कोहरा पे फ | २६१६०५ |
| ४३१।०७७।२।२३ | दाल चामल | | ९३६१८ |
| **जम्मा** | | | **३५५२२३।** |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७१. | **पेश्कि बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने **रु** | ४३८५५७४.० |

| सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु |
|---|---|---|---|---|
| | **म्याद ननाघेको पेश्की** | | | |
| १ | पलगढी सोलार लिफ्ट खा पा तथा सरसफाई उ.स | परशुराम न पा | मोबिलाईजेसन | २५४७०००.० |

| दफा नं | भौ.नं, मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | २ | पि एस् रोयल जे.भि | धनगढी | मोबिलाईजेसन | ७१९४०००.० | |
| | ३ | भागेश्वर मा.वि | सलौन | मोबिलाईजेसन | १५००००.० | |
| | ४ | भगवती कन्स्ट्रक्सन | | भागेश्वर मा वि छात्रावास | २३३३०००.० | |
| | ५ | सिताराम निर्माण सेवा | | विद्यालय भौतिक पूर्वाधार निर्माण | १२३५०००.० | |
| | ६ | पि.एस.रोयल जे.भि | | समपुरक कोष | ३२३६५००.० | |
| | ७ | पि.एस.रोयल जे.भि | | गोगन बसौटी सिर्स सडक निर्माण | ३२३६५००.० | |
| | ८ | वोहरा निर्माण सेवा | | वडा कार्यालय भवन निर्माण | १००००००.० | |
| | | | | जम्मा | २४६३२२००.० | |
| | | **म्याद नाघेको पेश्की** | | | | |
| | ९ | बैजनाथ झोलुङ्ग पुल निर्माण उ.स | परशुराम | मोबिलाईजेसन | ५९५०७४.० | |
| | १० | सरस्वती प्रा.वि, डल्लेगडा | डल्लेगडा | मोबिलाईजेसन | २१००००.० | |
| | ११ | मलास सोलर लिफ्ट खानेपानी तथा सरसफाई उ.स | परशुराम न.पा | मोबिलाईजेसन | ३२६००००.० | |
| | १२ | डोलरी कन्स्ट्रक्सन | | बुडर पालगाढि नायल झरना | ९७५००.० | |
| | १३ | मलिका ईन्जिनियरिङ्ग एण्ड मेकानिकल वकर्स प्रा.लि | | बैजनाथ झो.पु निर्माण | २२३०००.० | |
| | | | | **जम्मा** | ४३८५५७४.० | |

## परशुराम नगरपालिका सञ्चित कोष विवरण

**अनूसुची १**

२०७६।७७

(रु हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाडफाड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | परशुराम नगरपालिका | डडेल्धुरा | १८२७२ | ५६००२१ | ७६९४५ | १६१८४ | ५२८८७ | ७२४३०९ | २६७१८५ | २०१५६१ | १६८६३९ | ६३७३८५ | ८६९२४ |

## बेरुजु वर्गकरण( बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**अनूसुची २**

२०७६।७७

(रु हजारमा)

| क्र.स | स्थानीय तह | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै | ल | रकम | सै | ल | रकम | सै | ल | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | **जम्मा** |
| १ | परशुराम नगरपालिका | ४८ | २४ | १७०३५ | ० | ० | ० | ४८ | २४ | १७०३५ | ११०५ | १८६५ | ९६८० | ० | ० | ११५४५ | ० | ४३८५ | ४३८५ |

## अद्यावधिक बेरुजु स्थिति

**अनूसुची ३**

२०७६।७७

(रु हजारमा)

| स्थानीय तह | गत बर्ष सम्मको बाँकी बेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|
| परशुराम नगरपालिका | ४७४१० | ० | ० | ० | ० | ० | ४७४१० | १७०३५ | ६४४४५ | २३२०७ |